# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०७८/०७९
चलानी नम्बर : ४२९

२०७८।०६।१०

विषयः सूचना टाँस गरिदिने र प्राप्त हुने आवेदन सम्बन्धमा ।

श्री वडा कार्यालयहरु , ( सवै)
मालारानी गाउँपालिका, अर्घाखाँची ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको “ मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना ” अन्तर्गत युवा उद्यमशिलता अनुदान कार्यक्रममा सहभागितको लागि आवेदन आव्हान सम्बन्धिको मिति २०७८।०६।१० गते प्रकाशित सूचना अनुसार तपशिलका कागजात यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ । उक्त कागजातहरु मध्ये सूचना त्यस कार्यालयको सूचना पाटीमा टाँस गरिदिनु हुन र अन्य आवेदन सम्बन्धिका कागजातहरु माग गर्न आउने युवाहरुलाई फोटोकपी गरि एक/एक सेट उपलब्ध गराई दिनुहुन अनुरोध छ । साथै तोकिएको म्याद अर्थात मिति २०७८।०६।२४ गते भित्र त्यस कार्यालयमा पेश हुन आउने आवेदनहरु एकिकृत गरि मिति २०७८।०६।२५ गते कार्यालय समय भित्र यस कार्यालयमा पेश गर्नुहुन समेत अनुरोध छ ।

तपशिलः

१. मिति २०७८।०६।१० गते प्रकाशित सूचना थान १

२. निवेदनको ढाँचा थान १

३. आवेदन फारमको ढाँचा २०७८ को पाना २ को थान १

रमेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत

बोद्यार्थः

श्री सूचना प्रबिधि शाखाः- सूचना गाउँपालिकाको वेवसाईटमा अपलोड गरिदिनु हुन ।

# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या :
चलानी नम्बर :

**"मालारानी कृषि तथा पशु उद्यमशीलता विकास परियोजना" अन्तरगत युवा उद्यमशिलता अनुदान कार्यक्रममा सहभागिताका आवेदन आव्हान सम्बन्धिको सुचना ।**

प्रथम पटक प्रकाशितमिति:२०७८/०६/१०

मालारानी गाँउपालिका र हेफर प्रोजेक्ट नेपालको प्राबिधिक तथा आर्थिक सहयोगमा आर.सि.एच.डि.सि. अर्घाखाँचीको सहजीकरणमा संचालित " मालारानी कृषि तथा पशु उद्यमशीलता विकास परियोजना" को मुख्य लक्ष्य , लक्षित परिवारहरुको वार्षिक आम्दानीमा वृद्धि गरी जीविकोपार्जन सुधार गर्नु रहेको छ । यस परियोजनाको निर्दिष्ट उद्देश्यहरुमा आबद्ध लाभग्राहीहरुलाई स्वावलम्वी महिला समूहहरु, युवा समुहहरु तथा सहकारीमा आबद्ध गरी सामाजिक पूँजीको अभिवृद्धि गर्नु, सुधारिएको बाख्रा, बंगुर तथा टर्की, व्यवस्थापन, खाद्यान्नबाली (धान र गहुँ) को बीऊ उत्पादन र अन्य सम्भावित क्षेत्रहरूमा उन्नत प्रविधिहरूको अनुसरणबाट उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गर्नु र विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण सृजना गर्नु रहेकोछ ।

मालारानी गाउँपालिकाको उक्त परियोजना अन्तर्गत चालु आ.व २०७८।०७९ का लागि स्वीकृत कार्यक्रम अर्न्तगत सञ्चालन गरिने युवा लक्षित कार्यकमका लागि कृषि तथा पशुपंक्षीसंग सम्बन्धित व्यवसाय गरिरहेका वा गर्ने योजना बनाएका मालारानी गाँउपालिकाका युवाहरुबाट युवा उद्यमशिलता अनुदान कार्यक्रममा सहभागिताका लागि आवेदनका आव्हान सम्बन्धिको यो १५ दिने सुचना प्रकाशित गरिएको छ ।

**आवेदन पेश गर्नका लागि पूरा गर्नुपर्ने न्युनतम मापदण्डहरू:**

- कृषि तथा पशुपंक्षीसंग सम्बन्धित व्यवसाय गरिरहेका वा गर्ने योजनामा रहेका १८/४५ वर्ष उमेर समुहका युवाहरु ( महिला, पुरुष वा अन्य)
- मालारनी गाँउपालिका भित्र स्थाई बसोबास भएका नेपाली नागरिक
- मुख्य पेशाको रुपमा कृषि र पशुपंक्षी पालन वा सो सम्बन्धीव्यवसाय गरि राखेका
- समुहमा आवद्ध भई काम गर्न इच्छुक
- नवीनतम् कृषि वस्तु उत्पादन सम्बन्धी व्यवसाय, बैदेशिक रोजगारीबाट फर्केर कृषि तथा पशुपंक्षीसंग सम्बन्धित व्यवसाय गरिरहेकालाई विशेष प्राथमिकता दिइने
- उल्लेखित विवरण पूरा गरेका युवा व्यवसायीहरूलाई आवेदन पेश गर्न अनुरोध गरिन्छ ।
- आवेदन दिएका मध्य उपयुक्त र न्यूनतम मापदण्ड पूरा गरेकालाई प्रारम्भिक छलफलका लागि सम्पर्क गरिनेछ ।

**आवेदनपेश गर्ने अन्तिम मिति: २०७८।०६।२४**

**आवेदन पेश गर्ने स्थान : सम्बन्धित वडा कार्यालय**

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**

१ निवेदन
२ आवेदन फारम
३ नागरिकताको प्रतिलिपी
४ फोटो
५ सम्बन्धित वडा कार्यालयको सिफारिस

नोटः मापदण्ड पुरा भई छनौटमा परेका उम्मेदवारलाई मात्र कार्यक्रममा समावेश गरिनेछ ।

रमेश पन्थी
प्रमुख प्रशासकीय अ...

**युवा उद्यमशिलता अनुदान कार्यक्रममा सहभागि हुन इच्छुक युवाहरुका लागि आवेदन पत्रको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू, मिती: २०७८।०६।
मालारानी गाउँकार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची ।
लुम्बिनी प्रदेश, नेपाल ।

विषयःयुवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिती.........................मा प्रकाशित सुचनाअनुसार म ............................ले युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागी तपशिलमा उल्लेखित अनुसारको कागजात संलग्न गरी निवेदन पेश गरेका छौ ।

तपसिल :

१.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
२. आवेदन फारम
३. पासपोर्ट साइजको फोटो
४. वडा कार्यालयको सिफारिस

निबेदक

मालारानी गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश

**युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक युवाहरुको लागि आवेदन फारमको ढाँचा**

**युवा उद्यमशीलता विकास अनुदान कार्यक्रममा सहभागिताका लागि**

**आवेदन फारम २०७८**

| | |
|---|---|
| आवेदकको नाम | |
| स्थायी ठेगाना | |
| गाउँ/टोल | |
| जन्ममिति | |
| नागरिकता नं. र जारी गर्ने जिल्ला | |
| मूख्य पेशा | |
| परिवार संख्या: | महिला: पुरुष: बालबालिका: |
| मूख्य पेशा | |
| बैदेशिक रोजगारबाट फर्केको भए सोको विवरण | कुन देशबाट कति समय सम्म के काम गरेर फर्कनु भएको हो?खुलाउने । |
| फोन नं. | |

**हाल गरिरहेको कामको बिवरण:**

| **विवरण** | **मूख्यबाली/वस्तु/पंक्षी** | **क्षेत्रफल** | **सरदर वार्षिक उत्पादन** |
|---|---|---|---|
| **कृषि** | | | |
| | | | |
| **पशु** | | | |
| | | | |
| **पंक्षी** | | | |
| | | | |
| **अन्य** | | | |
| | | | |

**कृषि तथा पशुपंक्षी उत्पादनको प्रसोधन तथा बजारीकरण संग सम्बन्धित लघु उद्यम भए त्यसका बिवरण:**

..............................................................................................................................

..............................................................................................................................

**भाबीयोजना र प्रतिवद्धता**

| क.सं. | कृयाकलाप (के गर्ने) | संख्या/क्षमता (कति गर्ने) | बार्षिक उत्पादन लक्ष्य | उद्यम सञ्चालनका लागि परियोजनाबाट अपेक्षा गर्नु भएको न्यूनतम सहयोग |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**आवेदन पेश गर्ने**

हस्ताक्षर:............................................

नाम:..................................................

ठेगाना:...............................................

सम्पर्क नं...........................................